# सिद्धलेक गाउँपालिका, बुङ्चुङ, धादिङ

## गाउँसभाको १३ औं अधिवेशनमा गाउँपालिका उपाध्यक्षद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्य

सिद्धलेक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, बुङ्चुङ धादिङ

बागमती प्रदेश, नेपाल

मिति: २०८०/ ०३/१० गते

## उपाध्यक्षद्वारा गाउँसभामा प्रस्तुत बजेट वक्तव्य

सभाध्यक्ष ज्यू,

गाउँसभाका सदस्य ज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृत ज्यू,

राष्ट्रसेवक कर्मचारीहरु,

गाउँपालिकाको १३ औ गाउँसभामा स्वागत एवम् सम्मान व्यक्त गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा नेपालको युगान्तकारी परिवर्तनको लागि भएका विभिन्न आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरूप्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।

१. सिद्धलेक गाउँपालिकाको समग्र क्षेत्रहरु आर्थिक, सामाजिक, धर्मिक, ऐतिहासिक महत्वका पर्यटकीय क्षेत्रहरुको विकास, विस्तार र संरक्षणका साथै मानवीय जीवनमा अत्यावश्यक पक्षहरु शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार क्षेत्रको विकासका लागि गाउँसभाबाट पारित बार्षिक नीति तथा कार्यक्रमलाई मूर्तरुप दिन आर्थिक बर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रमलाई यस गरिमामय गाउँसभामामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुशी व्यक्त गर्दछु । यस गाउँपालिकालाई समृद्ध गाउँपालिकाको रुपमा विकास गराउन गत वर्षको स्थानीयतहको निर्वाचनबाट हामीलाई अमूल्य मत प्रदान गरी जिम्मेवारी प्रदान गर्नु हुने आम सिद्धलेक वासी मतदाता लगायत सम्पूर्ण जनसमुदायहरु प्रति पुन: कृतज्ञता प्रकट गर्दै नमन गर्न चाहन्छु ।

२. यो बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकार, बाग्मती प्रदेश सरकार र सिद्धलेक गाउँपालिकाका ऐन, नियम, कार्यविधि तथा निर्देशिका, आवधिक विकास योजना, बजेट तर्जुमा दिग्दर्शन, दीगो विकास लक्ष्य, मध्यकालिन खर्च संरचना र गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आधार मानेर बनाएको छु ।

३. प्रस्तुत बजेट पूर्णरूपमा कार्यान्वयन हुन सकेमा गाउँपालिकाले लिएको समृद्ध सिद्धलेक- सुखी सिद्धलेक, उज्यालो सिद्धलेकको दीर्घकालिन लक्ष्य हासिल हुने मार्गमा अघिबढ्न सकिने पक्षमा म विश्वस्त छु ।

४. आगामी आर्थिक बर्ष २०८०/०८१ को आय-व्यय अनुमान गर्दा आर्थिक मितव्ययिता, कार्यान्वयन क्षमता, विकासका आवश्यकता र नागरिकको अपेक्षा पूरा गर्न गाउँ पालिकालाई संघ र प्रदेश सरकारबाट प्राप्त सबै प्रकारका अनुदान र गाउँपालिकाको आफ्नै आन्तरिक स्रोत परिचालन गरी उत्पादन र रोजगारी अभिवृद्धि गर्ने जनतालाई तत्काल सेवा तथा विकासको प्रतिफल प्राप्त हुन सक्ने योजना तथा कार्यक्रम छनौट गरी सञ्चालनमा ल्याउन सकिने योजनाहरु कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

५. चालु आ.व. २०७९।०८० मा संचालन भै निर्माणाधीन रहेका भौतिक पूर्वाधार विकासका कार्यहरुलाई पूर्णता दिने गरी आगामी आर्थिक बर्ष २०८०/०८१ को लागि बजेट तर्जुमा गरिएको छ । यस गाउँपालिका भित्र निर्माण भएका सडक पूर्वाधारहरुको क्रमश कालोपत्रे, सडक ग्राभेलिङ तथा स्तरोन्नति गर्ने व्यवस्था मिलाएको छु । ग्रामीण कृषिसडकहरुको स्तरोन्नति गरी वर्षैभरी यातायात सञ्चालन गर्न सकिने अवस्थालाई प्राथमिकतामा राखी योजना कार्यान्वयन गरिने पक्षमा बजेट तथा कार्यक्रममा व्यवस्था गरेको छु ।

६. एक घर एक धारा खानेपानी राष्ट्रिय नीति तथा कार्यक्रमलाई सार्थकता दिन **एक घर एक धारा सिद्धलेक गाउँपालिकाको अभिभारा** जस्ता नीति तथा कार्यक्रमलाई पूर्णता दिने, बस्तीहरुमा विद्युतीकरण गर्ने, उज्यालो सिद्धलेक बनाउने नीति अनुरुप बजार क्षेत्रहरुमा थप विद्युतीय बत्तीहरुको व्यवस्थापनलाई निरन्तरता दिने तथा सडकको पहुँच विस्तार गर्ने, व्यवसायिक कृषि उत्पादन र बजारीकरणको व्यवस्था गर्ने, स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित गर्ने, शिक्षा तर्फ निशुल्क शिक्षा र सबैको सहज पुग्ने शैक्षिक वातावरणको विकास, सार्वजनिक सेवा प्रवाहलाई नागरिक मैत्री बनाउने, पारदर्शिता र जवाफदेहिता कायम गर्दै सुशासनको अनुभुति दिलाउने जस्ता योजना तथा कार्यक्रमलाई समावेश गरी बजेट विनियोजन गरेको छु ।

७. संघीय सरकार र बाग्मती प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदान र सामाजिक सुरक्षा कार्यक्रममा प्राप्त हुने अनुदानलाई सम्बन्धित कार्यक्रममा नै खर्च हुने व्यवस्था मिलाएको छु ।

# चालु आ.व.२०७९।८० को बजेट प्रगति समीक्षा

**सभाध्यक्षज्यू, सभासदस्यज्यूहरु**

८. अब म चालु आ.व.२०७९/०८० को स्रोतगत बजेट, आम्दानी तथा खर्च लगायतको हालसम्म (असार१० गतेसम्मको) आय- व्ययको प्रगति सङ्क्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क. चालु आर्थिक बर्ष २०७९।०८० को लागि कूल बजेट स्वीकृत गर्दा रु **७० करोड ३ लाख १९ हजार ८ सय ५५ रुपैयाँ ८७ पैसा** अनुमान गरिएकोमा हालसम्म (असार १०गते सम्म) आयतर्फ रु **५९ करोड ५१ लाख ४२ हजार ४ सय ५८ पैसा (८४.९८ प्रतिशत)** गाउँपालिकाको संचित कोषमा प्राप्त भएको छ ।

ख. चालु खर्च तर्फ **रु ४२ करोड ५७ लाख ६२ हजार २ सय ५७ रुपैया ५५ पैसा** व्यय (खर्च) अनुमान गरिएकोमा हालसम्म (असार १० गते सम्म) **रु ३१ करोड ४८ लाख ९८ हजार ४ सय ३६ रुपैया ४१ पैसा** (७३.९६ प्रतिशत) खर्च भएको छ ।

**ग.** यसैगरी पूँजीगत खर्च तर्फ **रु २७ करोड ४५ लाख ५७ हजार ५ सय ९८ रुपैंया ३२ पैसा** व्यय (खर्च) अनुमान गरिएकोमा हालसम्म(असार १० सम्म) **रु १३ करोड ५४ लाख ११ हजार ९ सय ४१ रुपैया ५२ पैसा ( ४९.३२ प्रतिशत) खर्च भएको छ ।**

घ. विपद् व्यवस्थापन कोषमा चालु आ.व. २०७९।०८० मा अघिल्लो आ.व. को रु **६१ लाख ४५ हजार ४ सय ३ रुपैया ७३ पैसा** अल्या जिम्मेवारी सहित जम्मा **रु ७१ लाख ४५ हजार ४ सय ३ रुपैया ७३ पैसा** आम्दानी भएकोमा हाल २०८० असार १० गतेसम्म **रु १२ लाख ९४ हजार ८ सय ९९ रुपैया ( १८.१२ प्रतिशत)** खर्च भएको छ ।

९. चालु आ.व. २०७९।०८० को स्वीकृत बजेट र २०८० असार १० गते सम्मको आम्दानी र खर्चको विवरण निम्न अनुसार प्रस्तुत गरेको छु ।

| सि नं. | अनुदान शीर्षक | प्रस्तावित बजेट | वास्तविक आम्दानी | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| | **संघीय (केन्द्रीय) अनुदान तर्फ** | | | | |
| १ | समानिकरण अनुदान | १४ करोड ५९ लाख | १२ करोड ४४ लाख६२ हजार ५ सय | ८ करोड ४० लाख ४३ हजार ६ सय ८४ रुपैया ९४ पैसा | ६७.५३ प्रतिशत |
| २ | समपुरक अनुदान | ८० लाख | ५० लाख | | |
| ३ | सशर्त अनुदान चालुतर्फ | २१ करोड २९ लाख ७ हजार | १९ करोड ४९ लाख ७५ हजार | १७ करोड १९ लाख १ हजार ४ सय ५ रुपैया ४० पैसा | ८८.१७ प्रतिशत |
| ४ | सशर्त अनुदान पूँजिगततर्फ | १ करोड ९६ लाख | १ करोड ९६ लाख | ६९ लाख २३ हजार ७ सय ३४ रुपैया | ३५.३३ प्रतिशत |
| | जम्मा संघीय अनुदान | ३८ करोड ६४ लाख ७ हजार | ३४ करोड४० लाख ३७ हजार ५ सय | २६ करोड २८ लाख ६८ हजार ८ सय २४ रुपैया ३४ पैसा | ७६.४१ प्रतिशत |
| | **बागमती प्रदेश अनुदान तर्फ** | | | | |
| ५ | समानिकरण अनुदान | १ करोड ४२ लाख ४२ हजार | १ करोड ४२ लाख ४२ हजार | १ करोड २८ लाख ८२ हजार ५ सय ८२ रुपैया ९४ पैसा | ९०.४५ प्रतिशत |
| ६ | सशर्त अनुदान चालु | २ करोड ४४ लाख १४ हजार | २ करोड ४४ लाख १४ हजार | ५० लाख ३७ हजार ६ सय ८३ रुपैया | २०.६३ प्रतिशत |
| ७ | समपुरक अनुदान चालु | २ करोड | २ करोड | ४१ लाख ५६ हजार १ सय ६५ रुपैयाँ मात्र | २०.७८ प्रतिशत |
| | जम्मा | ५ करोड ८६ लाख ५६ हजार | ५ करोड ८६ लाख ५६ हजार | २ करोड २० लाख ७६ हजार ४ सय ३० रुपैया ९४ पैसा | ३७.६४ प्रतिशत |
| | **राजश्व बाँडफाँडतर्फ** | | | | |
| ८ | संघीय राजस्व बाँडफाँड तर्फ | ८ करोड ७४ लाख ७० हजार | ६ करोड ११ लाख २ हजार २ सय ३६ रुपैया ८३ पैसा | ५ करोड २६ लाख ९५ हजार ४ सय २२ रुपैयाँ २३ पैसा | ८६.२४ प्रतिशत |
| ९ | प्रदेश राजश्व बाँडफाँडबाट प्राप्त हुने | २ करोड ८ लाख ३८ हजार | १ करोड ५५ लाख ८३ हजार ९ सय १७ रुपैयाँ ८८ पैसा | १ करोड ३० लाख ३७ हजार ३ सय ५९ रुपैया ७८ पैसा | ८३.६६ प्रतिशत |

| सि नं. | अनुदान शीर्षक | प्रस्तावित बजेट | वास्तविक आम्दानी | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| | जम्मा राजश्व बाँडफाँड | १० करोड ८३ लाख ८ हजार | ७ करोड ६६ लाख ८६ हजार १ सय ५४ रुपैया ७१ पैसा | ६ करोड ५७ लाख ३२ हजार ७ सय ८२ रुपैयाँ १ पैसा | ८५.७२ प्रतिशत |
| | **आन्तरिक स्रोत तर्फ** | | | | |
| १० | एकीकृत सम्पत्ति कर | १५ लाख | ० | | |
| ११ | भूमिकर मालपोत | ५० हजार | ० | | |
| १२ | घरबहाल कर | ५० हजार | १ लाख ३८हजार ८सय १० | | |
| १३ | बहाल विटौरी कर | ५० हजार | ० | | |
| १४ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ११ लाख ५० हजार | ० | | |
| १५ | अन्य स्रोतबाट प्राप्त हुने रोयल्टी | १ करोड | ० | | |
| १६ | अन्य प्रशासनिक सेवा शुल्क | ३५ लाख ५० हजार | ० | | |
| १७ | व्यवसाय दर्ता तथा नविकरण कर | ५ लाख | ० | | |
| १८ | बैक मौज्दात | ११ करोड ५४ लाख८३ हजार ८ सय ५५ पैसा ८७ | ११ करोड ५४ लाख८३ हजार ८ सय ५५ पैसा ८७ | | |
| | जम्मा आन्तरिक स्रोत | १३ करोड २३ लाख ३३ हजार ८५५ पैसा ८७ | ११ करोड ५६ लाख२२ हजार ६ सय ६५ पैसा ८७ | | |
| १९ | जनसहभागिता | १ करोड ४६ लाख १५ हजार | १ लाख ४० हजार ८० | | |

१०. चालु आ.व. २०७९/०८० को गाउँपालिकाको आन्तरिक आय तर्फ रु. **३ करोड १८ लाख ५० हजार** आय अनुमान गरिएकोमा २०८० असार १० गते सम्ममा जम्मा रु.**१ करोड ६६ लाख ६३ हजार २ सय ७५** आन्तरिक आय रकम जम्मा भएको छ ।

११. उल्लेखित विवरण अनुसार हाल २०८० असार १० गतेसम्मको वित्तीय प्रगति अनुसार संघीय अनुदानतर्फ चालु र पुँजीगत गरी **७६.४१ प्रतिशत** , प्रादेशिक अनुदानतर्फ कूल **३७.६४ प्रतिशत** र केन्द्र र प्रदेशको राजश्व बाँडफाँडवापत प्राप्त अनुदान तर्फ कुल **रु ८५.७२ प्रतिशत** खर्च भएको देखिएको छ ।

१२. गाउँपालिकाबाट प्रवाह हुने सेवाहरु आफ्नै प्रशासकीय भवनबाट हुने गरेको छ । यद्यपि हाल भै रहेको प्रशासनिक भवनलाई अझै व्यवस्थित र सेवाग्राहीमैत्री बनाउन आधुनिक भवन निर्माणको लागि पहल गरिनेछ।

१३. प्रशासनिक भवनबाट दैनिक सेवा प्रवाहको लागि आवश्यक पर्ने फर्निचर, विद्युतीय उपकरणहरुको ब्यवस्थापन गरी कार्यालयलाई सेवाग्राही मैत्री बनाईने नीति लिईनेछ ।

१४. सिद्धलेकका नागरिकका लागि कार्यालयबाट हुने सेवा प्रवाहलाई सु-व्यवस्थित गर्न आधुनिक प्रविधिको प्रयोगलाई प्राथिमकता दिइनेछ । सुशासनमा टेवा दिन कम्प्यूटर सफ्टवेयर प्रविधिद्वारा राजश्व, लेखा, जिन्सी, योजना लगायत सबै वडाकार्यालयहरु सञ्चालन भईरहेको अवस्थालाई अझै परिस्कृत गर्दै लगिने नीतिलाई निरन्तरता दिइने छ ।

१५. नेपाल सरकारबाट प्राप्त हुने निशर्त अनुदान हरेक बर्ष घट्दो क्रममा रहेको छ । यस सन्दर्भमा आन्तरिक आय वृद्धि गर्न दीगो र स्थायी स्रोतका रुपमा रहेको घरको नक्सा पास र अभिलेखीकरणलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने कार्यलाई निरन्तरता दिइने छ । प्रक्षेपित आन्तरिक आय अनुसारको राजस्व संकलन प्रकृयालाई प्रभावकारी बनाउन बजेटको नीति अनुरुप आवश्यक कार्यक्रम तर्जुमा गरिने छ ।

१६. वातावरणमैत्री विकास नै दीगो विकासको मुख्य आधार भएकाले गाउँपालिकालाई वातावरणमैत्री स्थानीय शासन अवलम्वन गर्ने उद्धेश्य अनुरुप उचित संरक्षण संवर्द्धन कार्यका लागि बजेटमा व्यवस्था गरेको छु ।

**सभाध्यक्षज्यू**

१७. अब म यस सम्मानित सभा समक्ष आ.व.२०८०।०८१ को लागि बजेटले लिएको उद्देश्य तथा प्राथमिकताहरुलाई निम्न अनुसार राख्ने अनुमति चाहन्छु,

**<u>बजेटका उद्देश्यहरू:</u>**

क. गाउँपालिकाको दीगो र एकीकृत विकास प्रकृयालाई निरन्तरता दिने ।

ख. **आर्थिक सम्वृद्धि र विकासको लागि पूर्वाधार, सिद्धलेक गाउँपालिकाको मूलआधार** भन्ने नारालाई आत्मसात गर्दै सबै प्रकारका विकासको आधारशीला तयार गर्ने ।

ग. समसामयिक प्रविधिमैत्री स्थानीय शासनको व्यवस्था गर्ने सुखी, समृद्ध र आत्मनिर्भर सिद्धलेक गाउँपालिका स्थापना गर्ने ।

घ. स्थानीय जनताको स्वतःस्फूर्त र सक्रिय सहभागिता अभिबृद्धि गर्दै योजना र विकास प्रक्रियामा स्थानीय शान्ति, लोकतन्त्र, मानव अधिकार र सुशासनलाई बलियो बनाउने र स्थानीयस्तरमै रोजगारीको सम्भाव्यता अध्ययन गरी युवाहरुलाई स्वरोजगार वृद्धि गर्ने नीति लिइने छ ।

ङ. गाउँपालिकाको समग्र विकासमा संघीय बजेट, प्रादेशिक बजेट ,दातृसंस्थाहरुबाट प्राप्त बजेट र आन्तरिक स्रोतबाट गाउँपालिकाको दीर्घकालीन विकासको लागि गुरुयोजना, आवधिक योजना तयार गरी परिलक्षित उदेश्य परिपूर्ति गरिनेछ ।

च. लैङ्गिक हिंसाको अन्त्य, लैङ्गिक समानता, समावेशी सामाजिक व्यवस्था, असहाय अशक्त अपाङगता भएका व्यक्ति तथा विपन्न परिवार, दलित, आदिवासी जनजाति, सीमान्तकृत जाति सबै वर्ग र तहका समुदायहरुको जीवनयापनको लागि आधारशिला तयार गर्ने ।

छ. संघीय सरकार, प्रदेश सरकार र अन्तर स्थानीय तहहरुसँगको साझेदारीमा योजनाहरु बनाई कार्य गर्ने ।

१८. उल्लेखित उद्देश्यहरु परिपूर्ति गर्न बजेटमा निम्न बमोजिम प्राथमिकताहरु निर्धारण गरेको छु ।

क. स्थानीय सुशासन र सन्तुलित विकासमा जोड दिने ।

ख. कृषि र पशुपालनको क्षेत्रमा लगानी वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर बनाई आयात प्रतिस्थापनमा जोड दिँदै रोजगारीका अवसरहरूको सिर्जना गर्ने ।

ग. प्रविधिमैत्री स्थानीय शासनको विकास गर्ने ।

घ. स्थानीय ग्रामिण सडकहरुको सुदृढीकरण, अत्यावश्यक खानेपानी, सिंचाई, पुल लगायतका पुर्वाधारहरुको निर्माणबाट आर्थिक विकास हासिल गर्दै दीगो र एकीकृत विकासमा जोड दिने ।

ङ. महिला सशक्तिकरण तथा आयआर्जनसम्बन्धी कार्यक्रममार्फत सामाजिक रूपान्तरणमा सहयोग गर्ने ।

च. गाउँपालिकाको दीगो योजना तयार गरी तत्काल प्रतिफल दिने र गौरवका आयोजनालाई प्राथमिकता दिने कार्यक्रम तय गर्ने ।

छ. जेष्ठ नागरिक, अपाङ्गता, मातृशिशु तथा पोषण स्वास्थ्य सेवालाई प्राथमिकतामा राखी गाउँपालिकाभित्र बसोबास गर्ने सबै नागरिकलाई सर्वसुलभ स्वास्थ्य र खोप सेवामा पहुँच पुऱ्याउन जोड दिईने ।

ज. शिक्षा, स्वास्थ्य, खानेपानी, संस्कृति प्रवर्धन, युवा तथा खेलकूद जस्ता सामाजिक क्षेत्रमा लगानी वृद्धि गर्ने ।

झ. शिक्षालाई बालमैत्री, प्रविधिमैत्री बनाई असल नागरिक तयार गर्न आधारभूत तहदेखि नै स्थानीय पाठ्यक्रममा नैतिक शिक्षाको व्यवस्था गर्ने ।

ञ. फोहोरमैला व्यवस्थापन, बनजन्य तथा वातावरणीय क्षेत्रको संरक्षण र सम्बर्द्धन गर्ने तथा विपद् व्यवस्थापन गर्ने ।

ट. संस्थागत क्षमता विकास, लैङ्गिक समानता तथा समावेशीकरणका लागि आवश्यक कानुन निर्माण गर्ने ।

ठ. संघीय सरकार र प्रदेश सरकारसँग साझेदारी बढाई पूर्वाधार निर्माणको कार्य गर्ने ।

ड. साना तथा टुक्रे योजनाहरुलाई न्यूनीकरण गर्दै ठूला र प्रभावकारी योजनाहरुमा लगानी गरी उत्पादनमूलक, रोजगारमूलक तथा पूँजीगत विकासका योजनाहरुमा लगानी वृद्धि गर्ने ।

# आ.व. २०८०/०८१ को प्रस्तावित बजेट तथा कार्यक्रमको आय व्यय (आम्दानी खर्च) विवरण

**सभाध्यक्षज्यू  तथा सभाका सदस्यज्यूहरु**

१९. अब म आगामी आर्थिक वर्ष २०८०/०८१  को लागि श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट सिफारिस भई गाउँ कार्यपालिकाको निर्णय अनुसार कायम हुन आएको शीर्षकगत आय विवरण प्रस्तुत गर्न चाहन्छु

२०.

## आ.व. २०८०।०८१ को लागि प्रस्तावित आय अनुमान

| सि.नं. | अनुदान शीर्षक | श्रोत | बजेट |
|---|---|---|---|
| १ | वित्तीय समानीकरण | संघीय सरकार | १२ करोड ६६ लाख |
| २ | सशर्त अनुदान | संघीय सरकार | २२ करोड |
| ३ | समपुरक अनुदान | संघीय सरकार | १ करोड ७५ लाख |
| ४ | राजश्व बाँडफाँडबाट प्राप्त राजश्व | संघीय सरकार | ८ करोड ५७ लाख ९ हजार ३ सय |
| | विशेष अनुदान | संघीय सरकार | ८० लाख (बुङ्चुङ एकीकृत वृहत खानेपानी) |
| ५ | वित्तीय समानीकरण | प्रदेश सरकार | १ करोड ३४ लाख १८ हजार |
| ६ | राजश्व बाँडफाड | प्रदेश सरकार | १ करोड ७३ लाख ५४ हजार ९ सय ५६ |
| ७ | शसर्त अनुदान | प्रदेश सरकार | २ करोड ४८ लाख ९० हजार |
| | विशेष अनुदान | प्रदेश सरकार | १ करोड (आदमटार पिपलटार वृहत खानेपानी) |
| ८ | समपुरक अनुदान | प्रदेश सरकार | २ करोड (डुम्रेखोला वडा कार्यालय हटिया सडक कालोपत्रे सिद्धलेक १ र अर्चले तारनलाङ ठाँटी सडक कालोपत्रे वडा नं २) |
| ९ | आन्तरिक आय (गा.पा. सबै) | आन्तरिक स्रोत | १ करोड ३३ लाख |
| १० | मालपोत बाँडफाँड | रजिस्ट्रेशन दस्तुर | ६० लाख |
| ११ | दहत्तर बहत्तर | नदीजन्य | १ करोड |
| १० | बैंक मौज्दात अल्या | बैंक मौज्दात | १० करोड ५७ लाख ७ हजार ७ सय ४४ |
| | **कुल जम्मा** | | **६७करोड ८४ लाख ८० हजार** |

## आ.व. २०८०।०८१ को लागि प्रस्तावित खर्चको अनुमान

| क्र.सं. | क्षेत्रगत विषयहरु | आ.व. २०८०/०८१ को प्रस्तावित बजेट अनुमान |
|---|---|---|
| १ | विषयगत क्षेत्र तर्फ | ५,५८,९०,००० |
| २ | कार्यालय सञ्चालन | ८,९०,००,००० |
| ३ | संघ समपुरक | १,७५,००,००० |
| ४ | प्रदेश समपुरक | २,००,००,००० |
| ५ | विपद् व्यवस्थापन कोष | ७०,००,००० |
| ६ | मर्मत संभार कोष | ६०,००,००० |
| ७ | गाउँपालिका स्तरीय योजना/कार्यक्रम | ४,९०,००,००० |
| ८ | लागत साझेदारी कोष कृषिजन्य मेशिनरी औजार | ५०,००,००० |
| ९ | लक्षित पुर्वाधार तर्फ | २,२०,००,००० |
| १० | वडा कार्यालय भवन निर्माण (वडा नं १,४ र ७) | १,८०,००,००० |
| ११ | विद्यालय सञ्चालन अनुदान उ.मा.वि.र अन्य | २५,००,००० |
| १२ | अन्य धार्मिक क्षेत्र अनुदान | १५,००,००० |
| १३ | जग्गा खरिद तथा व्यवस्थापन (गा.पा. अस्पताल) | २५,००,००० |
| १४ | विद्यालय बस, एम्बुलेन्स, दमकल | ७०,००,००० |
| १५ | स्मार्ट तथा नगर उन्मुख गा.पा. निर्माण | २०,००,००० |
| १६ | झोलुङ्गे पुल निर्माणमा साझेदारी | ७,००,००० |
| १७ | सडक बोर्ड | २०,००,००० |
| १८ | कोभिड कोष तथा असाध्ये रोग आर्थिक सहायता | १५,००,००० |
| १९ | खानेपानी तर्फ ( लिफ्टिङ विल सहित) | १५,००,००० |
| २० | सहकारी तर्फ (दुधमा अनुदान तथा प्रविधि खरिद हस्तान्तरण | २०,००,००० |
| २१ | गा.पा. स्तरीय अन्य कार्यक्रम तर्फ (अध्यक्ष कप, खेलकुद प्रोत्साहन लगायत) | २०,००,००० |

| | | |
|---|---|---|
| २२ | अति गरिव विद्युत मिटर अनुदान तथा महशुल समेत | २०,००,००० |
| २३ | आवधिक योजना लगायत परामर्श सेवा सबै | ३५,००,००० |
| २४ | कन्टेन्जेन्सी खर्च तर्फ (प्राविधिक इक्युपमेन्ट, फिल्ड भत्ता, मर्मत, इन्धन अन्य) | ३०,००,००० |
| २५ | लक्षित कार्यक्रम | १,००,००,००० |
| २६ | वडागत पुर्वाधार तर्फ ( ५०*७) | ३,५०,००,००० |
| २७ | भैपरी पुँजीगत | १,००,००,००० |
| २८ | प्रदेश सशर्त | २,४८,९०,००० |
| २९ | संघ सशर्त | २२,००,००,००० |
| ३० | प्रदेश विशेष | १,००,००,००० |
| ३१ | संघ विशेष | ८०,००,००० |
| ३२ | प्रदेश समपुरक | २,००,००,००० |
| ३३ | संघ समपुरक | १,७५,००,००० |
| | **जम्मा** | **६७,८४,८०,०००** |

२१. चालु आर्थिक बर्ष २०७९।०८० को प्रस्तावित अनुमान रु **७० करोड ३ लाख १९ हजार ८ सय ५५ रुपैयाँ ८७ पैसा** अनुमान गरिएकोमा हालसम्म (असार १०गते सम्म) आयतर्फ रु **५९ करोड ५१ लाख ४२ हजार ४ सय ५८ पैसा (८४.९८ प्रतिशत)** गाउँपालिकाको संचित कोषमा प्राप्त भएको छ। आगामी आ.व. २०८०।०८१ को लागि कूल **रु ६७ करोड ८४ लाख ८० हजार** बजेट अनुमान प्रस्ताव गरिएको छ। जुन चालु आ.व. भन्दा ३.२२ प्रतिशत कम अनुमान गरिएको छ।

२२. स्रोत साधन सीमित हुँदा हुँदै पनि **समृद्ध सिद्धलेक उज्यालो सिद्धलेक** बनाउने दृढ अठोटका साथ आम सिद्धलेकवासीको अपेक्षित सेवा प्रवाहमा लागि पर्ने कटिवद्धता व्यक्त गर्दछौं। आ.व. २०८०।०८१ को लागि खर्च (व्यय) अनुमान गर्दा आय अनुमान भन्दा झण्डै १ करोड ८० लाख अल्या जिम्मेवारी थप बढी सर्ने अनुमान गरिएको छ। जुन आय अनुमान भन्दा (२.७५ प्रतिशत बढी व्यय बजेट) बढी खर्च हो।

## सभाध्यक्ष महोदय

२३. सिद्धलेक गाउँपालिका अन्तर्गत रहेका ७ वटा वडाहरुमध्ये वडा नं. १,४ र ७ मा यसै आ.व. मा पक्की कार्यालय भवन निर्माणको लागि आवश्यक बजेटको ब्यवस्था गरेकोछु ।

२४. सिद्धलेक गाउँपालिकामा व्यावसायिक तरकारी, फलफूल, कृषिबाली तथा पशुपालनको पकेट क्षेत्र निर्धारण कार्यक्रम थालनीको लागि बजेट विनियोजन गरेकोछु ।

२५. **उत्पादन साथमा अनुदान हातमा** भन्ने नेपाल सरकारको नीति अनुसार सिद्धलेक गाउँपालिकाले उत्पादनमा आधारित रहि कृषकहरुलाई विशेष अनुदानको लागि १५ लाख विनियोजन गरेको छु।

२६. यस आ.व २०८०/०८१ बाट "रमाइलो कक्षा ,गुणस्तरीय शिक्षा" (Happy Classroom for Quality Education) कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

२७. कक्षा ११ र १२ अध्यापन गराउने सामुदायिक विद्यालयहरुमा सबै विद्यार्थीहरुको पहुँच सुनिश्चितता गर्न यसै आ.व. देखि निःशुल्क शिक्षाको लागि बजेटको व्यवस्था गरेकोछु ।

२८. सामुदायिक विद्यालयहरुमा साझेदारीमा बस व्यवस्थापनको लागि ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने नीति लिएको छु ।

२९. जेष्ठ नागरिक तथा दीर्घ रोगीहरुलाई निःशुल्क औषधी वितरणको व्यवस्था मिलाएकोछु ।

३०. सिद्धलेक गाउँपालिकाको लागि एम्वुलेन्स खरिद गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३१. आ.व. २०८०।०८१ का लागि प्रत्येक वडालाई कार्यक्रम तथा योजना सञ्चालन गर्न **रु. ५० लाखका दरले कुल जम्मा रु.३ करोड ५० लाखको बजेट** व्यवस्था गरेको छु ।

३२. प्रत्येक वडाहरुका लागि पालिकास्तरीय आयोजनाहरु कार्यान्वयनमा ल्याउन प्रति वडा रु ७० लाखका दरले ४ करोड ९० लाख वजेट विनियोजन गरेको छु ।

३३. गाउँपालिका अध्यक्ष र उपाध्यक्षसँग लक्षित पूर्वाधार कार्यक्रम सञ्चालन गर्न २ करोड २० लाख बजेट विनियोजन गरेको छु ।

## आदरणीय सभाध्यक्ष ज्यू

**अब म देहायबमोजिम क्षेत्रगत बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।**

३४. **आर्थिक विकास:-** आर्थिक विकास क्षेत्रमा देहायबमोजिम खर्च गर्ने गरी प्रस्ताव गरेको छु ।

क. जनप्रतिनिधिहरुको अन्तर पालिका असल अभ्यास क्षमता विकास ।

ख. पशुपालन तर्फ नमूना खोरगोठ तथा भकारो सुधार ।

ग. एकीकृत स्वास्थ्य कार्यक्रम ।

घ. कर्मचारी क्षमता विकास तथा अन्तरपालिका असल अभ्यासको थालनी ।

ङ. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि र व्यवसाय प्रवर्द्धन ।

च. पशुपन्छि पालनको व्यावसायिक प्रवर्द्धन र आयआर्जनमा वृद्धि ।

छ. सिंचित भूभागमा बढोत्तरी ।

ज. पर्यटकीय क्षेत्र तथा आन्तरिक पर्यटनमा वृद्धि ।

झ. अध्यक्ष उपाध्यक्ष राहत कार्यक्रम

ञ. युवाहरूलाई उद्यममा प्रोत्साहन गर्न अध्यक्ष उपाध्यक्ष उद्यमशीलता कार्यक्रम ।

३५. **पूर्वाधार विकास:-** पूर्वाधार विकास क्षेत्रमा देहायबमोजिम खर्च गर्ने गरी प्रस्ताव गरेको छु ।

क. चालु आ.व. २०८०।०८१ मा सडकतर्फका आयोजनाहरुमा आवश्यक बजेट विनियोजन गरी गाउँपालिका अन्तर्गतका सबै सडकहरुको सडक यातायात गुरु योजना तयार भै सकेको हुँदा आ.व.२०८०।०८१ देखि सडक गुरु योजनाले प्राथमिकता किटान गरिएका सडकहरुको आधारमा सडक कालो पत्रे, स्तरोन्नति गर्दै आम नागरिकलाई सहज यातायातको सुविधा पुर्याउने गरी बजेट व्यवस्था गरेको छु ।

ख. सडकबोर्ड नेपालबाट प्राप्त हुने अनुदानबाट गाउँपालिकाभित्रको मुख्य सडकमा गरिने मर्मत सम्भार कार्यलाई आगामी वर्षमा पनि निरन्तरता दिइने छ । गाउँ पालिकाको मुख्य सडकहरुमा दुरी सम्भारकर्ता राखी सडकको नियमित मर्मत सम्भार गर्ने व्यवस्था मिलाईने छ ।

ग. गाउँपालिकाको गौरवका सडक आयोजनाहरु **बैरेनी पिपल नलाङ ठाँटी कमलाबारी मैदान सडक, बुङचुङ आरुवास भेडाबारी मैदान सडक, परेवाटार कुम्पुर भङ्ग्याङ कालीदह सडक, जरे आदमटार अमिलिछाप भाल्डाँडा भैँसे कुम्पुर भङ्ग्याङ सडक** र **दोभानटार बेल्टार ठाँटी सडक**हरुको कालोपत्रे, स्तरोन्नती र वडा गौरवका सडक आयोजनाहरुलाई प्राथमिकतामा राखिने व्यवस्था मिलाएको छु । हरेक बर्षायाममा विग्रने सडकको अवस्था सुधारका लागि **"हाम्रो सडक हाम्रै सुरक्षा"** कार्यक्रम ल्याएको छु ।

घ. माथि उल्लेखित कार्य गर्नका लागी आवश्यक बजेटको व्यवस्था मिलाईएको छ ।

**आदरणीय सभाका अध्यक्ष ज्यू तथा सदस्य ज्यूहरु**

३६. आ.व. २०८०/०८१ मा कायम गरिएका करका दरहरुमा बृद्धि नगरिएको व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउँदै करको दरमा समाबिष्ट भएका तर कार्यान्वयनमा लैजान नसकिएका विभिन्न राजस्वका क्षेत्रहरुलाई कार्यान्वयनमा लगि आन्तरिक आयलाई बृद्धि गर्न प्रयासलाई निरन्तरता दिइने छ ।

३७. कुनै एक वार्ड, गाउँ, क्षेत्रको विकासले मात्र समग्र गाउँपालिकाको विकास हुन नसक्ने यथार्थलाई मनन गर्दै योजना तथा कार्यक्रम तयार गर्दा सबै क्षेत्रलाई समेट्ने प्रयास गरिएको छ । यसबाट सबै क्षेत्रको सन्तुलित र समतामुलक विकासमा टेवा पुग्न जाने विश्वास लिईएको छ भने अर्कोतर्फ सीमित स्रोत र साधनलाई प्राथमिकताको आधारमा बाँडफाँड गर्दा बजेट छरिन गएको भन्ने आलोचनाबाट मुक्त हुन आगामी दिनमा थप स्रोत र साधनको पहिचानमा ध्यान दिनुपर्ने देखिन्छ।

३८. कार्यालयको लक्षित उद्देश्य हासिल गर्न तर्जुमा भएका नीति तथा कार्यक्रम अनुसारका बजेट तथा आयोजनाहरु सम्पादन गर्न खटिने सबै राष्ट्रसेवक कर्मचारिहरुलाई प्रोत्साहनको लागि थप सुविधा व्यवस्था गरिनेछ। साथै सो सेवा सुविधाको लागि स्रोत व्यवस्थापन गरिने छ । प्रत्येक वर्ष उत्कृष्ट सेवा प्रवाह गर्ने राष्ट्र सेवक कर्मचारीहरुलाई पुरस्कृत गरिने कार्यलाई निरन्तरता दिने व्यवस्था गरेको छु ।

३९. आर्थिक बर्ष २०८०।०८१ को अनुमानित आय-व्यय विवरण र विभिन्न विषयगत क्षेत्रमा खर्च गर्ने गरी प्रस्तावित समग्र योजना तथा कार्यक्रम र बजेट शीर्षकगत रूपमा छुट्टै विवरण पेश गरेको छु ।

४०. आर्थिक वर्ष २०८०/०८१ को आर्थिक विधेयक, २०८० र विनियोजन विधेयक, २०८० यसैसाथ प्रस्तुत गरेको छु ।

४१. अन्त्यमा, बजेट तर्जुमाका सिलसिलामा मार्गदर्शन गर्नुहुने श्रद्धेय अध्यक्षज्यू आदरणीय सभा सदस्यज्यूहरू प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत गाउँपालिकाका कर्मचारी, राजनैतिक दल निजी क्षेत्र नागरिक समाज पत्रका आम सरोकारवालाबाट प्राप्त सल्लाह सुझाव र सहयोगप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै बजेट कार्यान्वयनमा पालिकाबासी दाजुभाई तथा दिदीबहिनी जनप्रतिनिधि स्थानीय राजनीतिक दल नागरिक समाज निर्माण व्यावसायी उपभोक्ता समिति राष्ट्रसेवक कर्मचारी तथा आम सरोकारवाला सबैको साथ सहयोग र समर्थन रहने अपेक्षा गरेको छु । विगतका बर्षबाट यस गाउँपालिकाले लिएको दीर्घकालिन विकास योजना क्षेत्रगत नीति रणनीति एवम् आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति कार्यक्रम तथा बजेट प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेमा गाउँपालिकाको भौतिक पूर्वाधार आर्थिक सामाजिक सास्कृतिक एवं मानवीय विकासका क्षेत्रमा सकारात्मक प्रभाव पर्ने भएकोले यसको सफल कार्यान्वयनका लागि सम्बद्ध सबै पक्षहरूबाट सदा झैं निरन्तर सहयोगको अपेक्षा सहित प्रस्तुत बजेटको दफावार छलफलमा यस सभाबाट प्राप्त थप रचनात्मक सुझावको अपेक्षा सहित हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

धन्यवाद !

सविता अर्याल
उपाध्यक्ष